# गैरआवासीय नेपाली संघ, अन्तर्राष्ट्रिय समन्वय परिषदको विधानसभा -२०१८

# विधान संशोधन सम्वन्धी प्रतिवेदन

गैरआवासीय नेपाली संघको हालको सँस्थागत संरचना तथा निर्वाचन प्रणालीको पुनरावलोकन गरी १२ अक्टोवर २०१८ मा काठमाडौमा हुने विधानसभामा संशोधन प्रस्ताव पेश गर्न 'विधान संशोधन सुझाव तथा नियमावली निर्माण समिति'लाई अन्तर्राष्ट्रिय समन्वय परिषदको ६१औ बैठक(११ फेब्रुअरी २०१८)ले अनुरोध गरेको थियो। यस समितिले यस पुर्वका बिभिन्न समितिहरुले पेश गरेका प्रतिवेदनहरुको अध्यन गरी, विभिन्न चरणमा समिति भित्र र बाहिर छलफल गरी यो संशोधन प्रस्ताव तयार पारेको छ (यसै साथ संलग्न प्रतिविदेनको खण्ड १मा दिईएको कार्यविधी अनुसार)। यस संशोधन प्रस्ताव अनुमोदन गर्नको लागि अन्तर्राष्ट्रिय समन्वय परिषदमा पेश गरिएको छ। अन्तर्राष्ट्रिय समन्वय परिषदले अनुमोदन गरे पछि यस संशोधन प्रस्तावलाई विधानसभामा पेश हुनेछ। यस प्रतिवेदनका साथमा विधान संशोधनको तिन महले पेश गरिएको छ। यस संशोधन प्रस्तावलाई राष्ट्रिय समन्यव समिति मार्फत पञ्जिकृत सदस्यहरु समक्षमा पुराउनका लागि अन्तर्राष्ट्रिय समन्वय परिषदमा अनुरोध गर्दछौ। विधान संशोधन प्रस्ताव तयार गर्ने जस्तो महत्वपूर्ण कार्यको लागि  अवसर दिनु भएकोमा अन्तर्राष्ट्रिय समन्वय परिषद प्रति हार्दिक धन्यवाद व्यक्त गर्दछौ।

विधान संशोधन सुझाव तथा नियमावली निर्माण समिति, ११ सेप्टेम्बर २०१८
hemraj.sharma@nrna.org

Contents


१) कार्यविधी ..... 2

२) समितिका सुझावहरु ..... 2

२.१) अन्तर्राष्ट्रिय समन्वय परिषद पदाधिकारीहरुको निर्वाचन प्रकृयाका सम्बन्धमा ..... 2

२.२) अन्तर्राष्ट्रिय समन्वय परिषदको बनावट सम्वन्धमा ..... 4

२.३) अन्तर्राष्ट्रिय समन्वय परिषदको कार्यकाल सम्वन्धमा ..... 5

२.४) विधानका अन्य विषयमा सुझावहरु ..... 6

३) निर्वाचनका वैकल्पिक प्रकृयाका, यिनका राम्रा तथा नराम्रा पक्षहरु ..... 6

४) समिति ..... 9

५) अनुसुची ..... 10

## १) कार्यविधी

समितिले निम्न कार्यविधीबाट यो संशोधन प्रस्ताव तयार गरेकोछ।

क) सँस्थाको संरचना र निर्वाचन प्रणालीका सम्वन्धमा यस पुर्व विभिन्न समितिले दिएका सुझावको अध्यन गरेको ।

- भिम उदास संयोजक रहेको समितिले तयार पारेका प्रतिविवेदन-२०१३, भिजन-२०१० एण्ड वियोण्ड-२०१७, विधान संशोधन सुझाव समितिले तयार पारेको प्रतिवेदन-२०१२।
- यस पूर्वको विधान संशोधन समितिलाई प्राप्त सुझावहरु।
- विश्व सम्मेलनमा प्रतिनिधीहरुले राखेका सुझावहरु।

ख) माथीका दस्तावेजको अध्ययन गरी संशोधनको प्रारम्भिक दस्तावेज तयार गरी निम्न अवसरमा छलफल गरेको ।

- विभिन्न मितिमा समितिको बैठक तथा ईमेल परामर्श
- ६ अप्रिल २०१८ मा काठमाडौंमा एक छलफल कार्यक्रम
- अन्तर्राष्ट्रिय समन्वय परिषदको ६२औ बैठक
- १६ जुल २०१८मा अमेरिका क्षेत्रको बैठक
- २९-३० जुलाई २०१८ मा युरोपियन बैठक
- २३-२५ अगष्ट २०१८ मा मध्यपुर्व बैठक
- राष्ट्रिय समन्वय परिषद, अन्तर्राष्ट्रिय समन्वय परिषदका पदाधिकारी र सदस्यहरुबाट तथा गैरआवासीय नेपाली संघका शुभचिन्तकहरुबाट ईमेल मार्फत।

ग) माथीका श्रोतबाट प्राप्त सुझावको आधारमा विधान संशोधन तयार गरी यस समितिमा छलफल गरिएको। संशोधनका प्रस्तावहरु यस समितिबाट पारित गरी अन्तर्राष्ट्रिय समन्वय परिषदमा पेश गरिएको।

घ) संशोधन प्रस्तावमा थप छलफल गरी अनुमोदनको लागि अन्तर्राष्ट्रिय समन्वय परिषदमा पेश गरिएको छ। अन्तर्राष्ट्रिय समन्वय परिषदले अनुमोदन गरे पछि यस संशोधन प्रस्तावलाई विधानसभामा पेश गरिनेछ।

## २) समितिका सुझावहरु

### २.१) अन्तर्राष्ट्रिय समन्वय परिषदका पदाधिकारीहरुको निर्वाचन प्रकृयाका सम्वन्धमाः


अन्तर्राष्ट्रिय समन्वय परिषद पदाधिकारीहरुको निर्वाचन प्रकृयाका सम्वन्धमा समितिलाई प्राप्त ९ विकल्पहरु, यिनका राम्रा तथा नराम्रा पक्षमा छलफल तथा परामर्श (हेर्नुस खण्ड ३) गरि निम्नानुसार निम्नानुसार सुझाव पेश गरिन्छ।

क) अन्तराष्ट्रिय महाधिवेशन प्रतिनिधीमध्ये ५०% एनआरएनएका वर्तमान, पुर्व पदाधिकारी तथा बिभिन्न समितिमा रहेका व्यक्तीहरुलाई सुनिश्चत गर्ने। हालको नियमावालीमा दिईएको प्राथमिकताको आधारमा

(हेर्नुस अनुसुची) यी प्रतिनिधीहरुको छनोट गर्ने । बाँकि ५०% प्रतिनिधी पञ्जिकृत सदस्यहरुबाट छनोट गर्ने । कम्तिमा दुई वर्ष संघको पञ्जिकृत सदस्य भएकाहरु मात्र प्रतिनिधीमा छनोट गर्न पाउने व्यवस्था गर्नु पर्ने ।

ख) हालको पञ्जिकृत सदस्य र प्रतिनिधीहरुको अनुपात (१:१०, हजार पञ्जिकृत सदस्य सम्म आदि) लाई बढाउने अर्थात प्रतिनिधीको कुल सँख्या घटाउने। पञ्जिकृत सदस्य र प्रतिनिधीहरुको अनुपात निम्नानुसार प्रस्ताव गरिएको छ।

| **No of registered member** | **No of delegates** | **Proportional** |
|---|---|---|
| 1000 | 67 | 15:1 |
| 2000 | 87 | 50:1 |
| 3000 | 97 | 100:1 |
| 4000 | 102 | 200:1 |
| 5000 | 105 | 300:1 |
| 6000 | 108 | 400:1 |
| 7000 | 110 | 500:1 |
| 8000 | 111 | 600:1 |
| 9000 | 113 | 700:1 |
| 10000 | 114 | 800:1 |
| 15000 | 118 | 1300:1 |
| 20000 | 122 | 1800:1 |



ग) प्रतिनिधीहरुको नामावली महाधिवेशन भन्दा १ महिना पहिले आईसिसिमा पठाउनु पर्ने व्यवस्था विधानमा किटान गर्ने (यो व्यवस्था अहिले नियमावलीमा भएकोले आईसिसिका पदाधीकारीहरुले आफ्नो अनुकुल यसलाई परिवर्तन गर्न सक्ने भएकोले)। प्रतिनिधीहरुको दर्ता शुल्क एनसिसिले एकमुष्ट आईसिसिलाई बुझाउने।

घ) एनसिसिले आफ्नो महाधिवेशन विश्व सम्मेलन भन्दा कम्तिमा ४५ दिन (हाल ३० दिन वा १ महिनाको व्यवस्था भएको) र बढिमा ३ महिना पहिला गर्ने (हाल ६ महिनाको व्यवस्था भएको)। यस्तो व्यवस्था गर्दा १ महिना पहिले प्रतिनिधिहरु पठाउन सजिलो हुनेछ भने तथा निर्वाचनको चहलपहलको अवधी पनि कम हुने।

ङ) निर्वाचन समितिलाई स्थायी प्रकृतीको बनाउने र यस समितिले एनसिसिको निर्वाचन तथा प्रतिनिधी छनोटको समेत निरिक्षण गर्ने।

च) प्रतिनिधीहरुको डेटाबेस ब्यवस्थापन गर्न निर्वाचन समितिले एउटा स्वतन्त्र प्राविधिक टोलीलाई दिने। यस प्रकृयामा सचिवालय वा संभावित उम्मेदवारहरु संलग्न नहुने।

छ) प्रतिनिधी छनोटको प्रकृया शुरु भए पछि आईसिसिले निर्वाचनमा प्रभाव पार्ने गरी कुनै नियमावलीहरु परिवर्तन गर्न नपाईने।

ज) प्रतिनिधीहरु स्वयम् उपस्थित भएर मतदान गर्ने व्यवस्था कायम गर्ने।

झ) निर्वाचनको आचारसंहिता निर्माण गर्ने र यसको कडाईका साथ लागु गर्ने।

ञ) निर्वाचनको अनुगमन समिति बनाउने।

### २.२) अन्तर्राष्ट्रिय समन्वय परिषदको बनावट सम्वन्धमा

भिजन-२०२० ले निर्देशन गरे वमोजिम अन्तर्राष्ट्रिय समन्वय परिषदमा बिभिन्न पेशमा रहेका गैरआवासीय नेपालीहरुको प्रतिनिधित्व सुनिश्चित हुने गरी निम्नानुसार व्यवस्था गर्न समिति सुझाव गर्दछ।

क) निम्न ५ विभागहरुको व्यवस्था गर्ने

- वैदेशिक रोजगार
- व्यपार तथा लगानी
- मानवकल्याण
- ज्ञान सिप र नवप्रवर्तन
- सांगठनिक - प्रशासनिक

ख) ५ विभागको नेतृत्व ५ उपाध्यक्षले गर्ने । आईसिसि सदस्यहरु विभागको सदस्य रहने (उनीहरुको दक्षता अनुसार)। प्रत्येक विभागको लागि एउटा कर्मचारी काठमाडौ सचिवालयमा रहने । अहिले रहेका समितिहरु यिनै विभाग अन्तर्गत रहेर काम गर्ने ।

ग) ५ उपाध्यक्षहरुको उम्मेदवारको मनोनयन छुट्टाछट्टै लिने, तर मतदान सबै प्रतिनिधीहरुबाट गर्ने ।

घ) उपाध्यक्षको उम्मेदवारको योग्यता तोक्ने। उपाध्यक्षरुको निर्वाचत खुला प्रतिस्पर्धाबाट हुदा (निर्वाचन लड्न कुनै निश्चित योग्यता र मापदण्ड नतोक्दा) सम्वन्धित विषयमा अनुभव वा विशेषज्ञता नभएका व्यक्तीहरु पनि निर्वाचित हुने संभावना रहन्छ र उनीहरुबाट हुने नेतृत्व प्रभावकारी नहुन सक्छ ।

- वैदेशिक रोजगार - श्रमविभागबाट स्विकृत लिएर वैदेशिक रोजगारमा गएका नेपालीहरु भएका देशबाट प्रतिनिधीत्व गरेको हुने पर्ने – श्रमिकहरुको हक हितसँग conflict of interest हुने खालको पेशामा नभएको ।
- व्यपार तथा लगानी - विदेशमा व्यवसाय दर्ता गरी व्यपार तथा लगानीलाई पेशाको रुपमा अंगालेको (कम्तिमा २ वर्ष)
- मानवकल्याण – स्वदेश वा विदेशमा मानवकल्याणमा उल्लेखनिय योगदान गरेको
- ज्ञान सिप र नवप्रवर्तन – अध्यन अनुसन्धानलाई पेशाको रुपमा अंगालेको (कम्तिमा २ वर्ष)
- महिला - सांगठनिक र प्रशासनिक क्षेत्रमा कम्तिमा २ वर्षको अनुभव भएको

ङ) अध्यक्षलाई सहयोग गर्ने एक वरिष्ठ उपाध्यक्षको व्यवस्था गर्ने तर वरिष्ट उपाध्यक्ष स्वत: अध्यक्ष हुने व्यवस्था नगर्ने ।

### २.३) अन्तर्राष्ट्रिय समन्वय परिषदको कार्यकाल सम्वन्धमा

आईसिसिको दुई वर्षे कार्यकाल ठोस काम गर्न छोटो भएकोले यसलाई बढाएर ३ बर्ष बढाउने बारे छलफल हुदै आएको छ। तर नेपाल सरकारको गैरआवासीय नेपाली संबन्धि ऐनमा (दफा १३(१)) संघको साधरणसभा हरेक २ वर्षमा गर्नु पर्ने व्यवस्था भएकोले उक्त ऐनमा संशोधन नभए सम्म संघको विधानमा मात्र परिवर्तन गर्नुको अर्थ हुदैन। ३ वर्षे कार्यकालसँग जोडिएका निम्न व्यवहारिक पक्षमा पनि ध्यान दिन जरुरी छ।

- एनसिसिको महाधिवेशन पनि ३ वर्षमा सम्पन्न गर्नु पर्नेछ। कतिपय एनसिसि संवन्धित देशमा दर्ता भई सकेकाले यसो गर्न संझट हुन सक्छ ।

- हरेक ३ वर्षमा विश्व सम्मेलन आयोजना गर्दा नेपालमा एनआरएनको सकृयता कम देखिन्छ तर हरेक वर्ष नेपालमा सम्पन्न हुने एनआरएन डे जस्तै कार्यक्रमले एनआरएनको सकृयता कम नहुने अर्को थरी बिचार छ।

- तिन वर्षे कार्यकाल गर्दा पदाधिकारीले दिने समय र सांगठनिक कामको लागि उनीहरुले गर्नु पर्ने खर्च बढि हुनेछ।

- एउटै व्यक्तीले लामो समय नेतृत्व गर्दा नेतृत्वमा पुग्न अरु व्यक्तीले लामो समय कुर्नु पर्ने अवस्था हुन्छ ।

अत: समितिको सुझाव यस प्रकार छ ।

क) कार्यकाल ३ वर्ष बनाउन ऐनमा संशोधन संभव छ वा छैन सरकारसँग परामर्श गर्ने ।

ख) एनसिसिको कार्यकाल ३ वर्ष बनाउदा एनसिसिमा के कस्तो प्रभाव पर्छ उनीहरुसँग परामर्श गर्ने ।

ग) दुई वर्षे कार्यकाललाई कसरी प्रबवकारि बढाउन सकिन्छ त्यसको अध्यन गर्ने।

## २.४) विधानका अन्य विषयमा सुझावहरु

सुझाव अनुसार संकलन गरिने।

## ३) निर्वाचनका वैकल्पिक प्रकृयाका, यिनका राम्रा तथा नराम्रा पक्षहरु

संघको हालको विधान अनुसार राष्ट्रिय समन्वय परिषदबाट सिफारिस गरिएका महाधिवेशन प्रतिनिधीहरु (१० जना पञ्जीकृत सदस्य बराबर एक प्रतिनिधी, धारा १३.८) काठमाडौंमा उपस्थित भई अन्तर्राष्ट्रिय समन्वय परिषद(आईसिसि)का पदाधिकारी निर्वाचित गर्दछन्। तर विगत केही वर्ष चुनाव अव्यवस्थित र अमर्यादित हुदै गएको महसुस भएको छ। अत: निर्वाचनका विभिन्न वैकल्पिक सुझावहरु प्राप्त भएका छन।  प्रस्तावित निर्वाचन पद्दती र यीनका सकरात्मक र नकरात्मक पक्षहरु छलफलको लागि यहाँ प्रस्तुत गरिएको छ।

| क्रस | निर्वाचन प्रकृया | राम्रा पक्ष | नराम्रा पक्ष |
|---|---|---|---|
| १ | राष्ट्रिय समन्वय परिषद (एनसिसि) बाट सिफारिस महाधिवेशन प्रतिनिधीहरुको सट्टा राष्ट्रिय समन्वय समितिका अध्यक्ष तथा अन्तर्राष्ट्रिय समन्वय परिषद (आईसिसि) सदस्यहरु र आईसिसिका निवर्तमान पदाधिकारी तथा सदस्यहरुद्वारा पदाधिकारीहरु निर्वाचित गर्ने। | निर्वाचनलाई व्यवस्थित गर्न सजिलो हुनेछ, गुणात्मक प्रतिनिधीले मतदान गर्ने। | • आईसिसिका पदाधिकारी पदका उम्मेदवारहरुले आफू अनुकुलका एनसिसिका अध्यक्षहरु र आईसिसि सदस्यहरुलाई निर्वाचित गर्न एनसिसिको निर्वाचनलाई प्रभाव पार्न सक्ने र यसले विभाजनको रेखा तल्लो तलसम्म पुग्ने संभावना रहन्छ।<br>• धेरै प्रतिनिधी उपस्थित नहुदा विश्व सम्मेलनको आकर्षण कम हुनेछ।<br>• १० जना सदस्य बराबर १ प्रतिनिधी व्यवस्था हटाउदा एनसिसिले पञ्जिकृत सदस्यता बनाउन कम चासो राख्ने छन। |

| | | | |
|---|---|---|---|
| | | | • अहिलेको जस्तो सदस्यता शुल्कले काठमाडौं सचिवालय सञ्चालन गर्न सहयोग भएको अवस्था नरहन सक्छ। तर सचिवालय सञ्जालनका लागी अन्य वैकल्पिक व्यवस्था नए पछि भने यो समस्या हुने छैन। |
| २ | महाधिवेशन प्रतिनिधीहरु सँख्या १०० भन्दा कम गर्ने। | चुनावलाई व्यवस्थित गर्न सजिलो हुनेछ र गुणात्मक प्रतिनिधीले मतदान गर्नेछन। | एनसिसिबाट छानिने प्रतिनिधीहरुको सँख्या घटाउदा प्रतिनिधीहरु छनोट कै लागि एनसिसिमा निर्वाचन हुने संभावना भएकोले। |
| ३ | गैरआवासीय नेपाली अभियानमा लागेका व्यक्तिहरु (जस्तै राष्ट्रिय र अन्तर्राष्ट्रिय परिषदमा काम गरि सकेका पदाधिकारी तथा सदस्यहरु) रहेको एक काउन्सिल गठन गरी यसै काउन्सिलसस्यहरुबाट पदाधिकारीको निर्वाचन गर्ने। | एनआरएनको मर्म र भावना बुझेका गुणात्मक प्रतिनिधीले मतदान गर्नेछन। | • एनआरएनको कार्यसमितिमा काम नगरेका पञ्जिकृत सदस्यहरुले मतदानमा भाग लिन नपाउने भएकोले नयाँ सदस्यहरुलाई एक प्रकारले ढोका बन्द गर्न खोजिए जस्तो हुनेछ।<br>• लाखौ गैरआवासीय नेपालीहरु मध्य करिब २% मात्र पञ्जिकृत सदस्य बनेका छन। यस्तो व्यवस्थाले सदस्य सँख्या बढाउन कठिन हुनेछ। |
| ४ | काउन्सिल सदस्य र खुला प्रतिनिधीहरुको मिश्रित मतदाताहरुले पदाधिकारी निर्वाचन गर्ने। | • एनआरएनको मर्म र भावना बुझेका गुणात्मक प्रतिनिधीले मतदानमा भाग लिनेछन।<br>• नयाँ सदस्यहरुलाई मतदानमा भाग लिन ढोका खुला भई रहनेछ।<br>• विकल्प १ मा उल्लेख भए झै सदस्यता शुल्क पनि घट्ने छैन। | • काउन्सिल सदस्य र खुला प्रतिनिधीहरुको अनुपात कती हुने बारे छलफल गर्नु पर्ने<br>• काउन्सिका सदस्यहरु को को हुने निर्धारण गर्नु पर्ने। |

| | | | |
|---|---|---|---|
| ५ | नेपाल बाहिर हुने क्षेत्रीय सम्मेलनमा पदाधिकारीको निर्वाचन गर्ने। | नेपाल बाहिर हुने निर्वाचन राजनैतिक वा अन्य किसिमको प्रभाव कम गर्नेछ। | • क्षेत्रीय सम्मेलनमा उपस्थित हुन भिसा आदिको समस्याले सबै क्षेत्रका प्रतिनिधिहरुको उपस्थित हुन नसक्ने र सम्मेलन हुने क्षेत्रका प्रतिनिधिहरुको बाहुल्यता हुनेछ।<br>• निर्वाचन बाहिर हुदा नेपालमा एनआरएन अभियानको प्रभाव कम हुनेछ। |
| ६ | प्रतिनिधीहरु नेपालमा उपस्थिति नभईकन विधुतिय माध्यमबाट पदाधिकारीहरुको निर्वाचन गर्ने । | • निर्वाचनमा धेरैको सहभागिता रहने<br>• आवात जावतका लागि समय र श्रोत खर्च नहुने<br>• विश्व सम्मेलन भन्दा पहिले नै (एक महिना पूर्व) निर्वाचन गर्न सकिने भएकोले निर्वाचनले विश्व सम्मेलनलाई असर नगर्ने । | • Fingerprint अथवा face-recognition पद्दती उपलब्ध नभए सम्म मतदाता स्वयमले मतदान नगरी विभिन्न प्रभावमा अरु कसैले मतदानको गर्न सक्ने संभावना भएको ।<br>• विधुतिय प्रणालीको दुरुपयोग हुन सक्ने। |
| ७ | सबै पञ्जीकृत सदस्यहरुले पदाधिकारीको प्रत्यक्ष निर्वाचन गर्ने (आ-आफ्नो देशबाट) | निर्वाचनमा सहभागिता बढ्ने, पञ्जीकृत सदस्यको सँख्या बढ्ने संभावना। | साधन श्रोतको हिसाबले मतदानको व्यवस्था गर्न लगभग असंभव। |
| ८ | सबै पञ्जीकृत सदस्यहरुले पदाधिकारीको प्रत्यक्ष निर्वाचन गर्ने (विधितिय प्रणालीबाट) | • निर्वाचनमा धेरैको सहभागिता रहने<br>• आवात जावतका लागि समय र श्रोत खर्च नहुने<br>• विश्व सम्मेलन भन्दा पहिले नै (एक महिना पूर्व) निर्वाचन गर्न सकिने भएकोले निर्वाचनले विश्व सम्मेलनलाई असर नगर्ने।<br>• बढि लोकतान्त्रिक | • Fingerprint अथवा face-recognition पद्दती उपलब्ध नभए सम्म मतदाता स्वयमले मतदान नगरी विभिन्न प्रभावमा अरु कसैले मतदानको गर्न सक्ने संभावना भएको।<br>• विधुतिय प्रणालीको दुरुपयोग हुन सक्ने । |

| | | | |
|---|---|---|---|
| ९ | वरिष्ठ उपाध्यक्षको व्यवस्था गरी अध्यक्षको अवधी सकिए पछि नीजलाई स्वत: अध्यक्ष बनाउने (FNCCI Model)। | | निर्वाचन उपाध्यक्षमा केन्द्रित हुने भएकोले यसले हालमा देखिएको निर्वाचनको समस्यालाई कम नगर्ने। अर्को कार्यकालको लागी कुनै प्रतिस्पर्धा नहुने भएकोले वरिष्ठ उपाध्यक्षको कार्यसम्पादनमा असर पुग्ने। |

## समिति

**NRNA ICC COSTITUTION AMENDMEND AND REGULATION FORMATION (CAARFC)-2017/19**

| | **Advisors** | | | |
|---|---|---|---|---|
| 1 | Ambika Ahikari Dr | USA | Ex-patron, ex-RC, NRNA ICC | ambika.adhikari@gmail.com |
| 2 | Dil Gurung | Germany | Ex-patron, NRNA ICC | tibethaus@hotmail.com |
| 3 | Indra Ban | Australia | Ex-patron, NRNA ICC | indraban0@gmail.com |
| 4 | Jiba Lamichhane | Russia | Patron, NRNA ICC | jibalamichhane@gmail.com |
| 5 | Naresh Koirala | Canada | Ex-RC America, ex-advisor, NRNA ICC | naresh@nepallibrary.org |
| 6 | Ram P Thapa | Germany | Ex-chief Patron, NRNA ICC | thapa@web.de |
| | **Chair** | | | |
| 1 | Hem Raj Sharma Dr | UK | Advisor, Ex-spokesperson, NRNA ICC | hem_raj_sharma@hotmail.com |
| | **Co-chair** | | | |
| 2 | Bhabani Oli | Australia | Ex-Yougth Coordinator, NRNA ICC, Ex-member, Constitution Committee | bhabani@oli.com.au |
| | **Regonal co-chairs** | | | |
| 3 | Dharam KC | Middle East | Ex-cochair, CAARFC, NRNA ICC | dharamkc@yahoo.com |
| 4 | Mahendra Lamsal | Oceania | Ex-Regional coordinator, NRNA ICC | mahendra@yetitravels.com.au |
| 5 | Mahesh Shrestha | Asia Pacific | Member, NRNA ICC | mksjpn@gmail.com |
| 6 | Ram Chandra Kharel | USA | Ex-DRC, ex-advisor NRNA ICC | rk@nepaltvusa.com |
| 7 | Yub Raj Gurung | Europe | Ex-advisor, NRNA ICC | tamuyubaraj@hotmail.com |
| | **Members** | | | |
| 8 | Baburaja Maharjan | New Zealand | Honorary Council member, NRNA ICC | brmaharjan@gmail.com |
| 9 | Bandana Koirala | USA | ICC member, USA | banda.koirala@gmail.com |
| 10 | Bhakta Gurung | UK | EX-General Secretary, NRNA UK | bhaktagrg@gmail.com |
| 11 | Binod Bhattarai | Qatar | ICC member, NRNA ICC | yoursbinod127@hotmail.com |
| 12 | Chinta Mani Sapkota | Spain | President, NRNA Spain | sapkotacm@gmail.com |
| 13 | Devi Basnet Dr | Korea | Ex-cochair, CAARFC, NRNA ICC | basnetdevi@gmail.com |
| 14 | Mani Raj Pokharel Dr | Russia | Ex-advisor, NRNA ICC | drmrp59@gmail.com |

| | | | | |
|---|---|---|---|---|
| 15 | Nabraj Gurung | Americas | Ex-regional coordinator, NRNA ICC | nabarajgurung@hotmail.com |
| 16 | Harihar Aryal | France | Ex-ICC member, NRNA ICC | aryalharihar@yahoo.fr |
| 17 | Krishna Pandey | Hong Kong | Ex-Deputy Regional Coordinato, NRNA ICC | pandeyk25@gmail.com |
| 18 | Kul Badahur Karki | Kenya | Ex ICC member | kul_bahadur@kentainers.co.ke |
| 19 | Pramoda Sitaula | USA | NRNA USA | |
| 20 | Puspa Thapa | Germany | ICC Advisor | abctime2008@yahoo.com |
| 21 | Surendra Shrestha | UK | NRNA ICC advisor | pravdha@hotmail.com |
| 22 | Yesmin Begam Sayed | Saudi Arab | Women Coordinator, Middle East | yasmin_raj2002@yahoo.com |
| | **Special invitees** | | | |
| 1 | Bil Gurung | Qatar | Ex-GS, NRNA NCC Qatar | bil.gurung@gmail.com |
| 3 | Ekraj Giri | Spain | Deputy Regional Coordinator, Europe | balewali@gmail.com |
| 4 | Goba Katuwal | Australia | Ex-cochair, CAARFC, NRNA ICC | gobakatuwal@hotmail.com |
| 2 | Gyanendra Regmi Dr | Australia | Spokesperson, NRNA NCC Australia | regmigyanendra@yahoo.com |
| 5 | Krishna Bhattarai | UK | Member, NRNA NCC UK | kp_bhattarai19@yahoo.com |
| 6 | Mana KC | Australia | Advisor, Ex-spokesperson, NRNA ICC | manakc@gmail.com |
| 7 | Niraj Shrestha | Australia | Ex-ICC member, NRNA ICC | nshrestha2000@hotmail.com |

## ४ . अनुसुची

निम्न प्राथमिकताको आधारमा अन्तर्राष्ट्रिय महाधिवेशन प्रतिनिधिको निर्धारित ५०% को सँख्या चयन गर्ने । तर यसरी छानिने प्रतिनिधिको गैरआवासीय नेपालीको हैसियत कायम रहेको हुनुपर्ने छ ।

१) अन्तर्राष्ट्रिय समन्वय परिषदका बहालबाला संरक्षक तथा सल्लाहकारहरु ।
२) राष्ट्रिय महाधीवेशनबाट चुनिएका अन्तर्राष्ट्रिय समन्वय परिषदका नवनिर्वाचित सदस्यहरु ।
३) राष्ट्रिय समन्वय परिषद्का वर्तमान पदाधिकारी तथा सदस्यहरु ।
४) अन्तर्राष्ट्रिय समन्वय परिषदका पूर्व पदाधिकारी, सदस्य, संरक्षक तथा सल्लाहकारहरु ।
५) राष्ट्रिय समन्वय परिषद्का पूर्व पदाधिकारी तथा सदस्यहरु ।
६) अन्तर्राष्ट्रिय समन्वय परिषदका विभिन्न समिति, उपसमिति तथा कार्यदलका बहालबाला संयोजक तथा सदस्यहरु।
७) अन्तर्राष्ट्रिय समन्वय परिषद्का विभिन्न समिति, उपसमिति तथा कार्यदलका पूर्व संयोजकहरु ।

यस्ता प्रतिनिधीको सँख्या ५०% भन्दा बढी भएका प्राथमिकतामा नपरेका प्रतिनिधीहरु अन्य पञ्जिकृत सदस्य सरह प्रतिनिधीको रुपमा चुनिने छन। यस्ता प्रतिनिधीको सँख्या ५०% भन्दा बढी भएका यी प्रतिनिधिको कोटा खालि रहनेछ। विधानको दफा १३.६ अनुसार बहालवाला अन्तर्राष्ठिय समन्वय परिषदका पदाधिकारी तथा सदस्यहरु स्वत: प्रतिनिधिमा छानिने छन।